नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

## विद्युत आयोजनाको अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनीको शेयर संरचना परिवर्तन सम्बन्धमा सूचना

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय तथा विद्युत विकास विभागबाट जारी गरिने विद्युत आयोजनाको अनुमतिपत्रमा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५को दफा २४को साविक " **विद्युत उत्पादन वा प्रशारण वा वितरण वा सर्वक्षणको अनुमतिपत्र प्राप्त प्रबर्द्धक कम्पनीको शेयर संरचनामा परिवर्तन गर्नु अघि विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।** " भन्ने व्यवस्था रहेकोमा नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (मा. मन्त्रिस्तर)को मिति २०७७/०५/१० को निर्णयानुसार विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ को पहिलो संसोधनले दफा २४ को साविक व्यवस्थाको सट्टा **"विद्युत उत्पादन वा प्रशारण वा वितरण वा सर्वेक्षणको अनुमतिपत्र प्राप्त प्रवर्द्धक कम्पनी/संस्थाको नाम, शेयर धनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिन भित्र परिवर्तित कागजात सहित सो को जानकारी यस विभागमा दिनुपर्ने छ ।"** भन्ने व्यवस्था भएकाले शेयर संरचना परिवर्तन सम्बन्धमा यसै सूचना वमोजिम कारवाही सबै विद्युत प्रवर्द्धकहरुलाई जानकारीको लागि अनुरोध गरिन्छ ।

शेयर संरचना परिवर्तन गर्नु परेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायहरुबाट आवश्यक पुर्व स्वीकृति लिई सम्बन्धित प्रवर्द्धकले कम्पनी/संस्थाको नाम, शेयरधनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिन भित्र पुर्व स्वीकृति तथा शेयर संरचना परिवर्तन भएको कागजात सहित सो को जानकारी विभागमा दिनु पर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

साथै, यस अघि मन्त्रालय वा विभागबाट जारी भएका अनुमतिपत्रमा निर्देशिकाको दफा २४ को साविकको व्यवस्था वमोजिम रहेको शर्तको हकमा समेत निर्देशिका संसोधन भएको मिति पश्चातका शेयर संरचना परिवर्तन सम्बन्धमा यसै सूचना वमोजिम कारवाही अगाडी बढाईने व्यहोरा समेत सबै विद्युत आयोजनाको प्रवर्द्धकहरुलाई जानकारी छ ।